वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ६९ २०८३ असार १७ गते बुधवार, नेपाल सम्वत् ११४६ July 01, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईंको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।
भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह



**बिरूवा लिन आएका सर्वसाधारण :** डिभिजन वन कार्यालय तनहुँले विरूवा वितरण सुरू गरेपछि मंगलबार बिरूवा लिन आएका सर्वसाधारण। कार्यालयले व्यक्ति, विद्यालय, संघसंस्थालाई निःशुल्क रूपमा बिरूवा वितरण सुरू गरेको छ । कार्यालयले यस वर्ष निमारो, राईखन्यु, बडहर, कटहर, च्युरी, कोइरालो, तेजपात, अशोका, कल्की, निम, कपूर, शीतलचिनी, अमला, बर्ता, हर्रो, बकाइनो, कुरिलो, धूपी, गुलमोहर, बिरिसफूल, पारिजात, चाँप, बयर, बेल, पिपल, वर, राजवृक्ष, नौरङ्गेल लगायतका विरूवा वितरण गर्ने भएको छ । *तस्विर : भञ्ज्याङ*

## नवप्रवर्तन कार्यक्रम : व्यवहारमा सुधार, उत्पादनमा रफ्तार

विष्णुप्रसाद गौडेल/मध्यविन्दु

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिका-४ स्थित मदनपुर ग्रिनभ्याली बोर्डिङ स्कुलमा कक्षा ३ की सिम्रन पाठक व्यवहारमा आफ्नो उमेरभन्दा परिपक्व देखिन्छिन् । नम्र भएर बोल्छिन्, ठूलाबडालाई सम्मान गर्छिन् र घरका काममा पनि सघाउँछिन् ।

केही वर्षअघिसम्म उनको बानी फरक थियो। मोबाइलमा धेरै समय बिताउने, सानासाना कुरामा रिसाउने, अभिभावकसँग जिद्दी गर्ने र पढाइमा खासै रूचि नदेखाउने सिम्रनमा अहिले उल्लेखनीय परिवर्तन आएको छ । "पहिले घरमा झगडा गर्ने, काममा नसघाउने र धेरै जिद्दी गर्ने गर्थें", सिम्रन भन्नुहुन्छ, "अहिले परिवार, साथी, पढाइ र समयको महत्व बुझ्केकी छु । यो सबै मैले 'हाम्रो खुसी' कक्षाबाट सिकेकी हुँ ।" सिम्रनको परिवर्तन व्यक्तिगत कथा मात्र होइन। यो गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत मध्यविन्दु नगरपालिकाले सञ्चालन गरेको 'हाम्रो खुसी' पाठ्यक्रमको प्रभावको एउटा झलक हो ।

**शिक्षा केवल परीक्षा होइन, जीवन पनि**

गण्डकी प्रदेश सरकारको रू ७५ लाख र मध्यविन्दु नगरपालिकाको रू ४१ लाख साझेदारी लगानीमा सुरू भएको 'हाम्रो खुसी' कार्यक्रम अहिले नगरभित्रका ६६ वटा सामुदायिक तथा संस्थागत विद्यालयमा सञ्चालन भइरहेको छ । कक्षा १ देखि ८ सम्म लागू गरिएको यस पाठ्यक्रमले विद्यार्थीलाई पाठ्यपुस्तकको ज्ञान मात्र होइन, जीवन उपयोगी सीप, नैतिकता, भावनात्मक सन्तुलन, सामाजिक उत्तरदायित्व र सकारात्मक सोच सिकाउने प्रयास गरिरहेको छ ।

नवजागरण नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक हरि देवकोटाका अनुसार कार्यक्रमले विद्यार्थीको व्यवहारमा उल्लेखनीय परिवर्तन ल्याउन थालेको छ । "पहिले विद्यार्थीको सिकाइ कक्षाकोठाभित्र सीमित थियो," उहाँले भन्नुभयो, "अहिले उनीहरु परिवार, समुदाय र सामाजिक उत्तरदायित्वसँग जोडिन थालेका छन् ।" मध्यविन्दु-७ की अभिभावक लक्ष्मी न्यौपाने पनि परिवर्तन प्रत्यक्ष देखिरहेको बताउँनुहुन्छ । "पहिले छोरो विद्यालयबाट आएपछि मोबाइलमै झुण्डिन्थ्यो", उहाँले भन्नुभयो, "अहिले घरका काममा सघाउँछ, सम्मान गर्न सिकेको छ र जिम्मेवार बनेको छ ।"

नगर प्रमुख भीमलाल अधिकारीका अनुसार यस वर्ष एक हजारभन्दा बढी अभिभावकलाई समेत 'हाम्रो खुसी' सम्बन्धी प्रशिक्षण प्रदान गरिएको छ । "हामीले विद्यालय मात्र होइन, समुदायमा पनि सकारात्मक सोचको वातावरण निर्माण गर्न खोजेका छौँ", उहाँले भन्नुभयो । अहिले मध्यविन्दु नगरपालिका यस पाठ्यक्रमको अन्य स्थानीय तहका लागि सिकाइ केन्द्र बन्न थालेको छ । यही पाठ्यक्रम स्याङ्जा जिल्लास्थित कालीगण्डकी गाउँपालिकाले यसै शैक्षिक सत्रदेखि सञ्चालन गरेको छ ।

**फोहरबाट मल, मलबाट आम्दानी**

मध्यविन्दु नगरपालिकाको अर्को नवप्रवर्तन कार्यक्रम हो । सरसफाइ प्रवर्द्धन तथा जैविक मल उत्पादन केन्द्र । नगरपालिकाले घरघरबाट निस्कने जैविक फोहरलाई वैज्ञानिक रूपमा व्यवस्थापन गर्दै त्यसलाई जैविक मलमा रूपान्तरण गर्ने कार्य सुरू गरेको छ । केन्द्रमा संकलित फोहर प्रशोधन गरी मल उत्पादन गरिन्छ र स्थानीय कृषकले प्रयोग गर्ने गरेका छन् । प्रदेश सरकारको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/८० मा सञ्चालन गरिएको यस परियोजनाको कूल लागत रू दुई करोड १३ लाख ८० हजार छ ।

मध्यविन्दु नगरपालिकाले सरसफाइ प्रवर्द्धन तथा जैविक मल उत्पादन कार्यक्रम तीन वर्षदेखि निरन्तर रूपमा प्रभावकारी ढङ्गले सञ्चालन गर्दै आएको छ। नगर सरसफाइ अभियानमा अहिलेसम्म १४ हजार ८१६ घरपरिवार आबद्ध भएका छन् । यसले समुदायस्तरमा फोहर व्यवस्थापनलाई संस्थागत, सहभागितामूलक र व्यवस्थित बनाउन महत्वपूर्ण योगदान पुर्‍याएको छ । तीन वर्षको अवधिमा कार्यक्रम सञ्चालनका लागि रू छ करोड ५६ लाख खर्च भएको मध्यविन्दु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विपिन क्षेत्रीले बताउनुभयो । यही अवधिमा यस केन्द्रबाट रू तीन करोड पाँच लाख आम्दानी भएको छ ।

यस कार्यक्रमले वार्षिक सञ्चालन खर्च कटाएर आम्दानी दिन थालेको नगर प्रमुख भीमलाल अधिकारीले बताउनुभयो । उहाँका अनुसार कार्यक्रमले एकैपटक दुई समस्या समाधान गरेको छ । "फोहर व्यवस्थापन सहज भएको छ", उहाँले भन्नुभयो, "साथै उत्पादन भएको मल बिक्रीबाट आम्दानीको स्रोत समेत सिर्जना भएको छ ।" नेपालका अधिकांश स्थानीय तह फोहर व्यवस्थापनको चुनौतीसँग जुधिरहेका बेला मध्यविन्दुको यो अभ्यास वातावरणीय तथा आर्थिक दृष्टिले उदाहरणीय मानिएको छ।

**उखु र बेसारबाट आर्थिक समृद्धिको खोजी**

विनयी त्रिवेणी गाउँपालिकाले भने आफ्नो नवप्रवर्तन कार्यक्रमलाई कृषि उत्पादनसँग जोडेको छ । मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत सञ्चालन गरिएको 'नगदे बाली खेती प्रविधि अनुकूलन तथा व्यवसायीकरण कार्यक्रम'मार्फत गाउँपालिकाले उखु र बेसारखेतीलाई प्राथमिकता दिएको छ ।

गाउँपालिका अध्यक्ष घनश्याम गिरीका अनुसार कृषि उत्पादन वृद्धि र किसानको आयआर्जन बढाउने लक्ष्यका साथ कार्यक्रम सञ्चालन गरिएको हो । "हामी कृषिलाई स्थानीय अर्थतन्त्रको मेरूदण्ड बनाउन चाहन्छौँ", अध्यक्ष

बाँकी तेश्रो पेजमा

## विद्यार्थी शुल्क व्यवस्थापनबारे दुई क्याम्पसबीच अन्तरक्रिया

भञ्ज्याङ समाचारदाता/दमौली

विद्यार्थी शुल्क व्यवस्थापन, शुल्क संरचना तथा क्याम्पस सञ्चालनका स्रोत व्यवस्थापन सम्बन्धी विषयमा आदिकवि भानुभक्त क्याम्पस र गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसबीच मंगलबार अन्तरक्रिया गरिएको छ ।

गुप्तेश्वर महादेव बहुमुखी



क्याम्पस सञ्चालक समितिका अध्यक्ष ज्ञाज शर्माको अध्यक्षता तथा आदिकवि भानुभक्त क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष श्रीराम कार्कीको विशेष उपस्थितमा उक्त कार्यक्रम गरिएको थियो ।

कार्यक्रममा आदिकवि भानुभक्त क्याम्पसका प्रमुख महाप्रसाद हङ्खलेले अध्ययन भ्रमणको उद्देश्य, क्याम्पसको शुल्क संरचना तथा स्रोत व्यवस्थापनका विषयमा धारणा राखेका थिए । गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसका प्रमुख धर्मराज बरालले आफ्नो क्याम्पसको शुल्क संरचना, शुल्क निर्धारण प्रक्रिया, स्वचालित शुल्क वृद्धि सम्बन्धी व्यवस्था तथा क्याम्पस सञ्चालनका लागि स्रोत व्यवस्थापनका अभ्यासबारे जानकारी गराएका थिए ।

अन्तरक्रियामा दुवै क्याम्पसमा लागू विद्यार्थी शुल्क संरचना, विभिन्न शीर्षकका शुल्क, शुल्क समायोजनका आधार तथा वित्तीय स्रोत व्यवस्थापनका उपायबारे अनुभव आदानप्रदान गरिएको थियो।

कार्यक्रममा आदिकवि भानुभक्त क्याम्पसका आर्थिक समिति संयोजक ठाकुरबहादुर दरै, विधान समिति संयोजक ईश्वर विष्ट, मितेरी गाउँ व्यवस्थापन समिति संयोजक सोमराज सिग्देल, सञ्चालक समिति सदस्य निर्मल पण्डित र बसन्त दरै, पब्लिक क्याम्पस प्राध्यापक संघ, नेपाल क्याम्पस इकाइका अध्यक्ष सहप्राध्यापक राजन घिमिरे, स्वतन्त्र विद्यार्थी युनियनका अध्यक्ष अनुप आले तथा विभिन्न विद्यार्थी संगठन र क्लबका प्रतिनिधिहरूको सहभागिता रहेको बताइएको छ ।

## कर्मचारीहरूको सम्पूर्ण सरुवा प्रक्रिया अब अनिवार्यरूपमा डिजिटल प्रणालीबाट

भञ्ज्याङ समाचारदाता/काठमाडौं

भूमि व्यवस्था, सहकारी तथा संघीय मामिला मन्त्रालयले कर्मचारी सरूवा प्रक्रियालाई पूर्णरूपमा डिजिटल बनाएको छ। सरूवा प्रक्रियालाई पारदर्शी, व्यवस्थित, छिटोछरितो र प्रविधिमैत्री बनाउने उद्देश्यसहित मन्त्रालयले डिजिटल सरूवा प्रणाली बनाएको हो ।



मन्त्रालयका अनुसार सो प्रणाली कर्मचारीको डिजिटल प्रोफाइलमा आधारित हुनेछ । कर्मचारीको व्यक्तिगत तथा सेवासम्बन्धी विवरण सम्बन्धित प्रणालीसँग प्रत्यक्ष वा एप्लिकेसन प्रोग्रामिङ इन्टरफेस (एपीआई) मार्फत आबद्ध हुने भएकाले आवश्यक विवरण स्वतः अद्यावधिक हुनेछ।

यस प्रणालीमा सरूवासम्बन्धी आवेदनका लागि फ्ल्यागिङ प्रणाली समेत रहनेछ। यसले दोहोरिने,

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ...........

www.bhanjyangnews.com

# रैथाने बाली संरक्षण

उन्नतजातको विऊविजनको प्रयोग बढ्दै जाँदा हाम्रा हावापानी सुहाउँदा रैथाने बाली लोपको जोखिममा परेका छन् । धार्मिक, सांस्कृतिक तथा औषधिजन्य महत्व बोकेका कतिपय परम्परागत बाली लोपको संघारमा पुगेका छन् । कृषक आयतित बीउविजन तर्फ आकर्षित हुँदा रैथाने बाली संकटमा पर्दै गएका छन् । आयतित बीउविजनका कारण रैथाने बाली संकटमा पर्दै गएपछि अहिले तनहुँमा रैथाने बालीको संरक्षण गर्न थालिएको छ । तनहुँको भानु–९ बाइसजागरमा सामुदायिक बीउ बैंक संचालन गरी कृषकले रैथाने बाली संरक्षण गर्दै आइएको छ । बीउ बैंकमा स्थानीय तथा आसपासका विभिन्न प्रजातिका रैथाने बाली संरक्षण गरिएको छ । बीउ बैंकमा तेलहन, दलहन, नगदे, जरेबाली, लहरे, अन्नबाली, कोसेबाली, गेडागुडीका विभिन्न प्रजातिका बीउविजन संरक्षण गरी राखिएको छ । स्थानीय रैथाने बाली लोप भए जैविक विविधतामा समेत ठूलो प्रभाव पर्ने देखिन्छ । वातावरणीय प्रभावदेखि नयाँ जात निकाल्न र कुनै उन्नत जातबाट भयावह संक्रामक रोग लाग्यो भने त्यसबाट बच्नलाई पनि हाम्रा स्थानीय बाली संरक्षण गर्न आवश्यक पर्छ ।

उन्नत जातको तुलनामा उत्पादन कम हुने हुँदा किसान रैथानैबाली भन्दा उन्नत जातका बालीमा कृषकहरू बढि आकर्षित छन् । अधिकांश उन्नत जातका बालीका बीउविजन बहिरी मुलुकबाट आयात हुन्छन् । कुनै कारणले बाहिरी मुलुकबाट बीउ आयत हुन सकेन भने हाम्रा खेतबारी बाँझिन सक्नु अवस्थामा पुग्छन् । यस्तो अवस्थामा हाम्रै वातावरण, हावापानी सुहाउँदो रैथाने बालीको आवश्यक पर्छ । त्यसैले बीउ बैंक स्थापना गरी संरक्षण अभियान चलाउने प्रत्येक स्थानीय सरकारको मुख्य दायित्व बन्नुपर्ने देखिन्छ । २०६२ मा बीउ बैंक स्थापना गरी बीउको संरक्षण, सुरक्षित भण्डारण तथा कृषकलाई बीउ वितरण गर्दै आइएको छ। यहाँ बीउ प्रदर्शनीमा राख्ने र केही बीउ इच्छुक कृषकलाई उत्पादनका लागि दिने गरिन्छ । स्थानीय जातका बीउ मात्रै राखिएको बैंकमा बीउलाई कुनै पनि विषादी प्रयोग नगरी बीउमा किरा नलागोस् भनी समय–समयमा सुकाएर हावा नछिर्ने भाडामा राख्ने गरिन्छ । कृषकलाई उत्पादनका लागि रैथाने बाली दिने पनि गरिएको छ । उत्पादन गरेर बीउ फिर्ता गर्ने सर्तमा कृषकहरूले बीउ बैंकमा आएर रैथाने बालीको बीउ लैजाने पनि गरेका छन् ।

रैथाने बालीको उत्पादन बढाउनका लागि केन्द्रले पनि हिउँदमा किरब ४५ रोपनी क्षेत्रफल जमिन भाँडामा लिएर बीउका लागि खेती गर्ने गरेको छ। बीउ बैंकमा धान, घैया, मकै, कोदो, जौ, फापर, धान, कोदो चिनो, कागुनो, जुनेलो, बोडी, मास, मस्याङ, भटमास, रहर, बकुल्ला सिमी, केराउ, गहत, पिडालु, ओल, तरूल, फर्सी, घिरौला, लौका, चिचिन्डो, कुबिन्डो, काँक्रो, तिरई, तिल करेला, भिन्डी, साग, तिल, आलस, सर्स्यु, तोरी, अदुवा, बेसार, खुर्सानी, सुपलगायत रैथाने बालीको बीउविजन संरक्षण गरी राखिएको छ । रैथाने बालीको बजारीकरण राम्रो नहुँदा यसको उत्पादन घटेको कृषकहरू बताउँछन् । उन्नत जातका बीउको तुलनामा उत्पादन पनि कम हुने र बजारीकरण पनि सहज नहुने हुँदा कृषकहरूले रैथाने बाली छाड्दै आएका देखिन्छ । स्थानीय हावापानी सुहाउँदो, गाईवस्तुका मल प्रयाग गरी विषादीरहित रैथाने बाली स्वास्थ्यको हिसाबमा पनि उत्तिकै फाइदाजनक छ । रैथाने बाली बढी लागतमा कम उत्पादन हुने गर्छ । मिहिनेतअनुसारको उत्पादन नहुँदा कृषकहरु कम लागनीमा बढी फाइदा लिन खोज्दा रैथाने बाली संकटमा परेको छ। पछिल्ला समय बजार क्षेत्रमा बासमती चामल, जेठोबुढो, कालो मसिनो, रातोअनादी, फापर, कागुनो लगायतको माग बढ्न थालेको र कृषकहरु रैथाने बाली संरक्षणमा लागि परेका छन् । सरकारले पनि स्थानीय रैथाने बाली संरक्षणमा ध्यान दिनुपर्ने देखिन्छ । जनताको घरदैलोको सरकारले अब एउटा पालिकामा कम्तीमा एउटा बीउ बैंक सञ्चालन गरी बीउविजन संरक्षण गर्न आवश्यक छ । यसो गर्न सके हाम्रै हावापानी सुहाउँदो खेतीबालीका बीउविजन संरक्षण हुने देखिन्छ ।




# सम्मानको होइन, स्वाभिमानको रक्षा गरौं

नेपालको राजनीतिक इतिहासलाई हेर्दा एउटा यथार्थ स्पष्ट देखिन्छ– देशमा आफूलाई कम्युनिस्ट भन्ने राजनीतिक दलहरु पटक–पटक सत्तामा पुगे, तर मेरो बुझाइमा सच्चा कम्युनिस्ट शासन भने कहिल्यै स्थापित हुन सकेन। यद्यपि नेपाली जनताको निरन्तर संघर्ष, बलिदान र राष्ट्रिय चेतनाका कारण देशले आफ्नो सार्वभौमिक अस्तित्व जोगाइरहेको छ। यही कारण आजको आवश्यकता सम्मानको खोजी गर्नु होइन, राष्ट्रिय स्वाभिमानको रक्षा गर्नु हो ।

आज नेपालमा मात्र होइन, विश्वमै आफूले परिकल्पना गरेको अर्थमा कम्युनिस्ट शासन छैन । कुनै समय सोभियत संघमा समाजवादी व्यवस्था थियो भने चीनमा नयाँ जनवादी क्रान्तिपछि स्थापित व्यवस्थाले ती देशको आर्थिक, औद्योगिक र सामाजिक विकासमा ऐतिहासिक फड्को दिलायो। आज रूस र चीन विश्वका शक्तिशाली राष्ट्रका रूपमा चिनिनुको आधार पनि त्यही विकासको ऐतिहासिक जग हो। यद्यपि अहिले ती देशहरूको राजनीतिक र आर्थिक स्वरूप परिवर्तन भइसकेको छ। बजार अर्थतन्त्र र विश्वव्यापी प्रतिस्पर्धाले उनीहरूको नीतिमा नयाँ मोड ल्याएको छ ।




इतिहासले देखाएको छ कि कुनै पनि देशको विकास केवल प्राकृतिक स्रोतले मात्र हुँदैन, स्पष्ट राजनीतिक दृष्टिकोण, अनुशासित नेतृत्व र उत्पादनमुखी नीतिले हुन्छ। विश्वका धेरै राष्ट्रहरूले परिवर्तनपछि शिक्षा, स्वास्थ्य, उद्योग, कृषि र विज्ञान–प्रविधिमा उल्लेखनीय उपलब्धि हासिल गरेका छन् । नेपालमा पनि जनताले परिवर्तनको अपेक्षासहित कम्युनिस्ट नाम बोकेका दलहरूलाई बारम्बार विश्वास गरे। तर त्यो विश्वासको प्रतिफल अपेक्षाअनुसार प्राप्त हुन सकेन । यसको एउटा प्रमुख कारण जनताले वास्तविक क्रान्तिकारी र अवसरवादीबीचको भिन्नता छुट्याउन नसक्नु पनि हो । चुनावका बेला झण्डा, चुनाव चिह्न र आकर्षक भाषणका आधारमा निर्णय गरियो, तर व्यवहारमा धेरै नेतृत्व सत्ता, सुविधा र सम्पत्तितर्फ केन्द्रित भयो। परिणामस्वरूप जनतामा कम्युनिस्ट आन्दोलनप्रतिको विश्वास क्रमशः कमजोर बन्दै गयो ।

नेपाल आज पनि श्रमशक्ति निर्यात गर्ने देशका रूपमा परिचित छ। लाखौं युवा रोजगारीको खोजीमा विदेशिएका छन्। अर्थतन्त्रको मुख्य आधार रेमिट्यान्स र कर राजस्वमा सीमित छ। उत्पादन, उद्योग र कृषि अझै पनि अपेक्षित रूपमा विस्तार हुन सकेका छैनन्। स्वदेशमै रोजगारी सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने स्पष्ट राष्ट्रिय दृष्टिकोणको अभाव देखिन्छ।

उत्पादनमुखी अर्थतन्त्र, श्रमको सम्मान र भ्रष्टाचारमुक्त शासन स्थापना गर्न इमानदार तथा सिद्धान्तनिष्ठ राजनीतिक नेतृत्व आवश्यक हुन्छ। कम्युनिस्ट विचारधाराको मूल उद्देश्य पनि श्रमजीवी वर्गको हित, सामाजिक न्याय र उत्पादनको विकास नै हो । तर नेपालमा कम्युनिस्ट नाम बोकेका धेरै दलले आफ्नै आदर्शलाई व्यवहारमा उतार्न सकेनन् । त्यसैले नक्कली कम्युनिस्टहरूको व्यवहारले वास्तविक विचारधारालाई नै बदनाम गरायो ।

कम्युनिस्ट हुनु केवल रातो झण्डा बोक्नु वा हँसिया–हथौडाको चुनाव चिह्न प्रयोग गर्नु मात्र होइन। कम्युनिस्टको पहिचान उसको आचरण, अनुशासन, श्रमप्रतिको सम्मान, वर्गीय दृष्टिकोण र जनताप्रतिको उत्तरदायित्वबाट हुन्छ । भनाइ र गराइमा एकरूपता हुने, व्यक्तिगत स्वार्थभन्दा सार्वजनिक हितलाई माथि राख्ने व्यक्ति मात्र वास्तविक अर्थमा कम्युनिस्ट हुन सक्छ ।

कम्युनिस्ट बन्नका लागि भौतिकवादी दृष्टिकोण, वैज्ञानिक सोच र समाज परिवर्तनप्रतिको स्पष्ट प्रतिबद्धता आवश्यक हुन्छ। केवल पार्टीको सदस्यता लिएर वा क्रान्तिका नारा लगाएर कोही कम्युनिस्ट बन्दैन । सिद्धान्तलाई व्यवहारमा उतार्न सक्ने क्षमता नै वास्तविक पहिचान हो।

नेपालको राजनीतिक इतिहासमा झापा आन्दोलनदेखि माओवादी जनयुद्धसम्म विभिन्न आन्दोलन भए । ती आन्दोलनहरूले राजनीतिक परिवर्तनका केही आधार तयार गरे, केही जनपक्षीय उपलब्धि पनि हासिल भए। तर जनताले अपेक्षा गरेको आमूल सामाजिक–आर्थिक परिवर्तन हुन सकेन। कृषि क्रान्ति, भूमिसुधार, उत्पादनमुखी अर्थतन्त्र, आत्मनिर्भर उद्योग र श्रमको सम्मान अझै पनि अपूरा कार्यसूची बनेका छन् ।

आज पनि भूमिहीन, सुकुम्बासी, किसान र श्रमजीवी वर्गले अपेक्षित न्याय पाएका छैनन्। उनीहरूकै नाममा आन्दोलन भए, उनीहरूकै बलिदानबाट राजनीतिक परिवर्तन सम्भव भयो, तर उनीहरूको जीवनस्तरमा अपेक्षित सुधार देखिएको छैन। युवाहरु विदेशिन बाध्य छन्, गाउँ रित्तिँदै गएका छन्, खेतीयोग्य जमिन बाँझो बन्दै गएको छ । यस्तो अवस्थाले देशको भविष्यप्रति गम्भीर प्रश्न खडा गरेको छ ।

आजको विश्व परिवेशमा सशस्त्र संघर्षभन्दा राष्ट्रिय स्वाभिमानको रक्षा, आर्थिक आत्मनिर्भरता र जनमुखी शासन प्रणालीको निर्माण बढी महत्वपूर्ण विषय बनेको छ। सरकार परिवर्तन मात्र उपलब्धि होइन। जनताको जीवनमा परिवर्तन ल्याउने नीति, सुशासन र उत्पादनमुखी विकास नै वास्तविक सफलता हो ।

नेपाल प्राकृतिक स्रोत, जलस्रोत, उर्वर भूमि र परिश्रमी जनशक्तिले सम्पन्न देश हो। यति धेरै सम्भावना हुँदाहुँदै पनि हामी वैदेशिक ऋण, अनुदान र रेमिट्यान्समा निर्भर छौं । यो अवस्था दीर्घकालीन रूपमा देशका लागि हितकर हुन सक्दैन। कुनै पनि देशले निःस्वार्थ सहयोग गर्दैन। सहयोगसँग सधैं आ᳴नो हित जोडिएको हुन्छ। त्यसैले राष्ट्रिय विकासको आधार आफ्नै श्रम, आफ्नै उत्पादन र आफ्नै स्रोत–साधन हुनुपर्छ। आज पनि भ्रष्टाचार, राजनीतिक संरक्षणवाद, अवसरवाद र वैदेशिक निर्भरता हाम्रो विकासका प्रमुख अवरोध बनेका छन्। सरकार फेरिए पनि प्रवृत्ति फेरिएको अनुभूति जनताले गर्न सकेका छैनन् । महँगी बढिरहेको छ, सार्वजनिक ऋण विस्तार भइरहेको छ, उत्पादन घटिरहेको छ र रोजगारीका अवसर सीमित भइरहेका छन् । यस्ता चुनौतीको समाधान केवल सत्ता परिवर्तनबाट सम्भव हुँदैन; सोच, नीति र कार्यशैलीमा परिवर्तन आवश्यक हुन्छ ।

यदि नेपालले उत्पादन, कृषि, पर्यटन, जलस्रोत र साना–मझौला उद्योगलाई राष्ट्रिय विकासको केन्द्रमा राख्न सक्यो भने लाखौं युवालाई स्वदेशमै रोजगारी दिन सकिन्छ । आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सकिन्छ । त्यसका लागि इमानदार नेतृत्व, स्पष्ट राष्ट्रिय दृष्टिकोण र जनताप्रतिको उत्तरदायित्व अनिवार्य हुन्छ ।

आज केही मानिस विदेशी सम्मान, पुरस्कार वा प्रशंसालाई ठूलो उपलब्धिका रूपमा प्रस्तुत गर्छन् । तर कुनै पनि राष्ट्रको वास्तविक सम्मान बाहिरबाट प्राप्त हुने पुरस्कारमा होइन, आफ्नै स्वाभिमान, आत्मनिर्भरता र सार्वभौमिकतामा निहित हुन्छ । इतिहासले पनि यही शिक्षा दिएको छ कि आफ्नो राष्ट्रिय हितभन्दा बाह्य स्वार्थलाई प्राथमिकता दिने नेतृत्वले अन्ततः देशलाई कमजोर बनाउँछ ।

त्यसैले आज हामीले सम्मानको पछि दौडिनुभन्दा स्वाभिमानको रक्षा गर्ने राष्ट्रिय चेतना निर्माण गर्नुपर्छ । आफ्नै माटोमा श्रम गर्ने, आफ्नै उत्पादनलाई सम्मान गर्ने, आफ्नै स्रोत–साधनको सदुपयोग गर्ने र राष्ट्रिय हितलाई सर्वोपरि राख्ने संस्कृतिको विकास गर्नुपर्छ । नेपालको समृद्धिको बाटो बाहिरबाट होइन, यही देशको माटो, श्रम, उत्पादन र जनशक्तिबाट खुल्नेछ । राष्ट्रको भविष्य विदेशीको प्रशंसाले होइन, आफ्ना नागरिकको आत्मविश्वास, उत्पादनशीलता र स्वाभिमानले निर्धारण गर्छ । त्यसैले आजको हाम्रो मूल मन्त्र यही हुनुपर्छ– सम्मानको पछाडि होइन, स्वाभिमानको रक्षा गरौं ।

## तपाईको आज

**मेष**
मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम गर्दै धन आर्जन गर्न सकिनेछ।

**वृष**
पहिलेको सफलताले नयाँ अवसर दिलाउन सक्छ। थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ।

**मिथुन**
आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् ।

**कर्कट**
उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ। गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ।

**सिंह**
मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ।

**कन्या**
शुभचिन्तकहरुले साथ दिनेछन्। लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ। पढाइलेखाइमा प्रगति हुनेछ।

**तुला**
सेवामूलक कामबाट धनलाभ हुनेछ। प्रतिभा प्रदर्शन गर्दै बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ।

**वृश्चिक**
व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले समस्या पर्नेछ।

**धनु**
फाइदाको स्रोत पहिल्याउन सकिनेछ। गुरूजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ।

**मकर**
बेसुरमा दिएको वचनले आफैँलाई अप्ठ्यारो पर्न सक्छ। महत्वाकांक्षी योजना गोप्य राख्नुहोला।

**कुम्भ**
आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन्। ठगीमा परिने योग भएकाले होसियार रहनुहोला।

**मीन**
वैधानिक प्रावधानले पनि काम रोकिन सक्छ। फाइदाका लागि गोपनीयतामा ध्यान पुर्याउनुहोला।

# नवप्रवर्तन कार्यक्रम : व्यवहारमा .........

गिरीले भन्नुभयो, "उत्पादन बढे किसानको आम्दानी बढ्छ र त्यसको प्रत्यक्ष प्रभाव स्थानीय अर्थतन्त्रमा देखिन्छ ।" कार्यक्रम अन्तर्गत किसानलाई उन्नत बीउ, प्राविधिक सहयोग, कृषि सामग्री र यान्त्रिक उपकरण उपलब्ध गराइएको छ । कृषि प्राविधिक मनोज चापागाईंका अनुसार करिब रू एक करोड ५० लाख लगानीमा कार्यक्रम सञ्चालन गरिएको छ ।

उखुखेती हुने क्षेत्रमा डिप बोरिङमार्फत सिँचाइ सुविधा विस्तार गरिएको छ भने आठ वटा कृषक समूहलाई ३० टन बेसारको बीउ वितरण गरिएको छ । कृषि क्षेत्रमा गरिएको यो लगानीले किसानलाई परम्परागत खेतीबाट व्यावसायिक उत्पादनतर्फ उन्मुख गराउन सहयोग पुर्‍याएको स्थानीय कृषकहरु बताउँछन् ।

**प्रविधिमैत्री सिकाइतर्फ नयाँ पुस्ताको तयारी**

विनयी त्रिवेणी गाउँपालिकाकै अर्को कार्यक्रम हो–प्रविधिमैत्री सिकाइ परियोजना । ग्रामीण विद्यालयमा डिजिटल शिक्षाको पहुँच विस्तार गर्ने उद्देश्यले गाउँपालिकाले विद्यालयहरुमा कम्प्युटर, डिजिटल सामग्री तथा प्रविधिमैत्री शिक्षण वातावरण निर्माण गरेको छ । गण्डकी प्रदेश सरकारको लागत साझेदारीमा सञ्चालित यो कार्यक्रमले शिक्षकलाई प्रविधिमैत्री सीप पनि सिकाउने लक्ष्य राखेको छ । प्रदेश सरकारको तथ्याङ्कअनुसार आव २०८२/८३ मा सञ्चालन भइरहेको यस परियोजनाको लागत प्रदेश सरकारको रू एक करोड ५० लाख र गाउँपालिकाको रू ६५ लाख गरी रू दुई करोड १५ लाख रहेको छ ।

गाउँपालिकाका शिक्षा शाखा प्रमुख भूपराज पाण्डेका अनुसार डिजिटल सामग्री प्रयोग गर्दा विद्यार्थीको सिकाइमा रूचि बढेको छ । "चित्र, भिडियो र अन्तरक्रियात्मक सामग्रीले कठिन विषय पनि सहज रुपमा बुझ्न सहयोग गरेको छ," उहाँले भन्नुभयो। स्थानीय शिक्षक रामु थापाका अनुसार यो कार्यक्रमले ग्रामीण विद्यार्थीलाई डिजिटल युगसँग जोड्ने महत्वपूर्ण आधार तयार गरेको छ ।

**विद्यालयमा रोबोटदेखि बायोग्याससम्म**

कावासोती नगरपालिकाले नवप्रवर्तनलाई विद्यालय शिक्षासँग जोडेको छ । 'आविष्कार र उत्पादनको जग मेरो विद्यालय' कार्यक्रमअन्तर्गत नगरभित्रका २३ विद्यालयमा विभिन्न उत्पादनमुखी तथा अनुसन्धानमूलक परियोजना सञ्चालन गरिएका छन् । कावासोती–१७ स्थित त्रिभुवन बाल माध्यमिक विद्यालयका विद्यार्थीले 'राधा' नामको रोबोट निर्माण गरेका छन् । विद्यालय पुग्ने पाहुनालाई उक्त रोबोटले स्वागत गर्छ ।

त्यस्तै अन्य विद्यालयहरूले बायोग्यास उत्पादन, सोलार ड्रायर, स्मार्ट सिँचाइ प्रणाली, गड्यौला मल उत्पादन, बेसार प्रशोधन, जैविक खेती तथा नर्सरी सञ्चालनजस्ता परियोजना अघि बढाएका छन् । शिक्षा शाखा अधिकृत राजन पाण्डेका अनुसार कार्यक्रमले विद्यार्थीमा अनुसन्धान, नेतृत्व, समस्या समाधान र उद्यमशीलताको भावना विकास गर्न मद्दत गरिरहेको छ ।

गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत कावासोती नगरपालिकाले सञ्चालन गरेको 'आविष्कार र उत्पादनको जग मेरो विद्यालय' कार्यक्रमले विद्यालय शिक्षालाई कक्षाकोठाबाट उत्पादन र प्रयोगसँग जोड्ने प्रयास गरेको छ । परियोजनाले विद्यालयलाई पढाइ हुने ठाउँ मात्र नभई सिकाइ, अनुसन्धान र उत्पादनको केन्द्र बनाउने प्रयास गरेको देखिन्छ ।

**पशुपालकका लागि राहत बनेको साइलेज उद्योग**

देवचुली नगरपालिकाले पशुपालक कृषकलाई लक्षित गर्दै साइलेज उत्पादन उद्योग सञ्चालन गरेको छ । आव २०७९/८० मा सुरू गरिएको उक्त परियोजनाको कुल लागत रू दुई करोड १४ लाख छ । प्रदेश सरकारको तथ्याङ्कअनुसार परियोजनाले ९९.९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।

वर्षभरि हरियो घाँस उपलब्ध नहुने समस्याको समाधानका लागि घाँसलाई वैज्ञानिक तरिकाले प्रशोधन गरी भण्डारण गर्ने व्यवस्था मिलाइएको हो । स्थानीय कृषक राजु चापागाईंका अनुसार उद्योग सञ्चालनपछि हिउँद तथा खडेरीका समयमा पशुलाई आहार व्यवस्थापन गर्न सहज भएको छ। "यसले दूध उत्पादनमा पनि सकारात्मक प्रभाव पारेको छ", उहाँले भन्नुभयो ।

अहिले साइलेज उत्पादन उद्योगलाई नगरपालिका र कृषक समूहबीच सहकार्य गरी सञ्चालन गरिएको छ । यसबाट उत्पादन भएको साइलेज बिक्रीबाट नगरपालिकालाई आम्दानीको स्रोत पनि बन्न थालेको देवचुली नगरपालिका प्रमुख हरिप्रसाद न्यौपानेले बताउनु भयो । मकै र नेपियर घाँसबाट उत्पादन भएको साइलेजको प्रयोगका कारण कृषकको उत्पादन लागत घटेको छ भने नगरपालिकालाई समेत वार्षिक रू सात लाख ५० हजार आम्दानी हुन थालेको छ ।

नगरपालिकाले पशु आहारामा कृषकको लागत घटाउन र हरियो घाँसको उपलब्धता बढाउन कृषकहरूलाई ५० प्रतिशत अनुदानमा साइलेज बनाउने कृषकहरूलाई प्रोत्साहनस्वरूप प्रतिकेजी दुई रूपैयाँका दरले उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने निर्णय गरेको छ ।

**दिगो विपद् व्यवस्थापन, जीविकोपार्जन तथा खाद्य सुरक्षा**

हुप्सेकोट गाउँपालिकाले गण्डकी प्रदेशको नवप्रवर्तन साझेदारी कोषमार्फत दिगो विपद् व्यवस्थापन, जीविकोपार्जन तथा खाद्य सुरक्षा कार्यक्रम कार्यान्वयन गरेको छ । हुप्सेकोट गाउँपालिकामा आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन भएको दिगो विपद् व्यवस्थापन, जीविकोपार्जन तथा खाद्य सुरक्षा कार्यक्रमको कूल लागत रू दुई करोड १६ लाख रूपैयाँ थियो ।

यस कार्यक्रममार्फत नमूना बस्ती निर्माण, कृषि तथा पशुपालनसम्बन्धी स्थानीय स्रोत व्यक्तिलाई तालिम, कृषि पशुपन्छी तथा सीप उद्यमशीलता विकास कार्यक्रम, आइसिटि मैत्री विद्यालय निर्माण कार्य गरिएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताउनुभयो । यस कार्यक्रमले गाउँपालिकाका ११ सय ५० घरपरिवार प्रत्यक्ष लाभान्वित भएको देखिन्छ । अहिले हुप्सेकोट गाउँपालिका कृषि र पशुपालनका क्षेत्रमा जिल्लामा नै अग्रणी क्षेत्रका रुपमा परिचित हुन सफल भएको छ ।

**प्रदेशको सोच, स्थानीय तहको अभ्यास**

गण्डकी प्रदेश सरकारले पछिल्ला वर्षहरुमा उत्पादन वृद्धि, रोजगारी सिर्जना, सेवा सुधार र स्थानीय आर्थिक विकासलाई प्राथमिकतामा राख्दै आएको छ । मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम यही सोचको एउटा महत्वपूर्ण हिस्सा बनेको छ। प्रदेश सरकारले स्थानीय तहलाई केवल बजेट उपलब्ध गराउने होइन, स्थानीय समस्या पहिचान गरी समाधान खोज्न प्रेरित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिरहेको गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा कार्यरत उपसचिव पार्वती लामिछानेले बताउनुभयो ।

"प्रदेश सरकारले स्थानीय तहले सञ्चालन गर्न चाहेको नवीन कार्यलाई सुरूआती प्रोत्साहन र सहकार्य गर्ने हो त्यसपछि को सञ्चालन, व्यवस्थापन र निगरानी गर्ने जिम्मेवारी स्वयं पालिककै हुन्छ", उहाँले भन्नुभयो ।

गण्डकी प्रदेशको तथ्याङ्कअनुसार आव २०७८/७९ देखि आवसम्म गण्डकी प्रदेशमा ५६ वटा नवप्रवर्तनका कार्यक्रमहरु कार्यान्वयन भएका छन् । आव २०८३/८४ मा अहिलेसम्म नवप्रवर्तन कार्यक्रममा समावेश नभएका स्थानीय तहलाई मात्र सहभागी गराएर नवप्रवर्तन कार्यक्रम सञ्चालन गर्ने योजना गण्डकी प्रदेश सरकारले बनाएको छ । प्रदेशमा अहिलेसम्म सञ्चालित नवप्रवर्तन कार्यक्रमहरु सफल भएकाले स्थानीय तहसँगै प्रदेशलाई उत्पादन, रोजगारी र आर्थिक समृद्धिमा जोड्न सहयोग पुगेको उपसचिव लामिछानेले बताउनुभयो।

आव २०८३/८४ को नीति तथा कार्यक्रममा पनि नवप्रवर्तन, प्रविधिमैत्री शिक्षा, कृषि आधुनिकीकरण, उद्यमशीलता र स्थानीय आर्थिक विकासलाई प्राथमिकतामा राखिएको छ । प्रदेश सरकारले स्थानीय तहलाई केवल बजेट उपलब्ध गराउने होइन, स्थानीय समस्या पहिचान गरी त्यसको समाधान खोज्न प्रेरित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरेको जनाएको छ । मध्यविन्दुकी सिम्रन पाठकको बदलिएको व्यवहारदेखि कृषकको बढ्दो उत्पादनसम्मका तथ्याङ्कले नवलपुरमा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमले सकारात्मक प्रभाव पार्न थालेको सङ्केत गरेका छन् । रासस

# सागसब्जी र खसीबोका बिक्रीबाट आठ करोड आम्दानी

रासस/पर्वत

महाशिला गाउँपालिकाले सागसब्जी र खसीबोका बिक्री गरी पछिल्लो २० महिनामा रू आठ करोड आम्दानी गरेको छ । पालिका पर्वत जिल्लाकै सबैभन्दा विकट र सानो हो ।

यहाँस्थित छ वटै वडाका ८८३ कृषकले उत्पादन गरेका सागसब्जी, खसीबोका, स्थानीय जातका कुखुरा र दूध बिक्री गरी उक्त आम्दानी भएको पालिकाका अध्यक्ष इशवरी भुसालले बताउनुभयो । उत्पादित कृषिजन्य बस्तु सदरमुकाम कुश्मा, छिमेकी जिल्ला स्याङ्जा र पोखरामा बिक्री गरिन्छ ।

महाशिलामा उत्पादित सागसब्जी र खसीबोका किन्न पोखराको बिरौटामा रहेका तरकारी पसलमा बिहानैदेखि उपभोक्ता कुरेर बसेका हुन्छन् । गाउँमा उत्पादित स्थानीय जात स्वस्थ्यकर हुने भन्दै ग्राहकको पहिलो रोजाइँ महाशिलाकै उत्पादन बन्ने गरेको पूर्व अध्यक्ष जीवन विक्रम उच्चैले जानकारी दिनुभयो ।

पालिकाले सागसब्जीमा प्रतिकिलो रू पाँच मासुजन्य वस्तुमा रू २५ तथा दूधमा प्रतिलिटर रू दश अनुदान दिँदै आएको छ । कृषकको उत्पादनको यकिन मापन गर्ने कार्यका लागि गाउँपालिका भित्रका मुख्य टोलमा ३३ वटा तराजु वितरण गरिएको छ ।

कृषकको गोठको भकारो सुधार र बाख्राको खोरसुधार कार्यमा ५० प्रतिशत अनुदानको कार्यक्रम सञ्चालन गरिएपछि ब्यावसायिक कृषिमा लाग्ने कृषकको आकर्षण बढेको छ । तरकारीखेतीमा लागेका यहाँका हरेक कृषकले न्यूनतम रू दुई लाखदेखि रू दश लाखसम्म आम्दानी गरेका छन् ।

उत्पादन सङ्कलनका लागि दुई जना बजार प्रतिनिधि पालिकाले नियुक्त गरेको छ । उहाँले कृषकको घर घर पुगी उत्पादन सङ्कलन गर्ने गर्नेगरेका छन् । पालिकाले पूर्णरूपमा कृषिमा आश्रित परिवार र व्यवसायले लिने कृषि ऋणमा लाग्ने ब्याजमा निश्चित अनुदान प्रदान गर्ने कार्यक्रम समेत सञ्चालन गरेको छ ।

# कर्मचारीहरूको सम्पूर्ण ..........

विशेष निगरानी आवश्यक पर्ने वा थप परीक्षण गर्नुपर्ने आवेदनको सहज पहिचान गर्न सहयोग गर्नेछ। साथै, कर्मचारीले आफ्नो सरूवा आवेदन कुन चरणमा पुगेको छ भन्ने जानकारी प्रोसेस ट्र्याकिङ प्रणाली मार्फत अनलाइनबाटै हेर्न सक्नेछन्।

मन्त्रालयका अनुसार सरूवासम्बन्धी पत्रहरु प्रणालीबाटै स्वचालित रुपमा तयार हुनेछन्। आवश्यक परे अन्य सम्बन्धित निकायका प्रणालीसँग एपीआईमार्फत सूचना आदान–प्रदान गर्न सकिने व्यवस्था पनि हुनेछ । साथै, सरूवासम्बन्धी निर्णय तथा विवरण मन्त्रालयको वेबसाइटमा २४ घण्टाभित्र स्वतः सार्वजनिक गरिने व्यवस्था मिलाइनेछ ।

भूमि व्यवस्था, सहकारी तथा संघीय मामिला मन्त्री प्रतिभा रावलले कर्मचारी प्रशासनलाई पारदर्शी, उत्तरदायी र प्रविधिमैत्री बनाउने सरकारको नीतिअनुसार डिजिटल सरूवा प्रणालीलाई प्राथमिकताका साथ अघि बढाइएको बताइन् । उनले यो प्रणाली कार्यान्वयनमा आएपछि सरूवा प्रक्रियामा हुने ढिलाइ घट्ने, पारदर्शिता बढ्ने र कर्मचारीले सहज तथा विश्वासयोग्य सेवा प्राप्त गर्ने विश्वास व्यक्त गरिन् ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पर्‍यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुर्‍याउँछ ।

**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली तनहुँ । गण्डकी प्रदेश

## व्यक्ति एउटै भएको सूचना

तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिका–१२ (साविक फिरफिर गाविस–३) स्थायी वतन भएकी **गोपाल सिं गुरूङ**की बुहारी **खड्कबहादुर गुरूङ**की श्रीमतीको नेपाली नागरिकता २२५(६) अनुसार नाम **हरिमाया गुरूङ** र जन्ममिति २०४४/१२/११ मा ३० बर्ष उल्लेख भएको तर श्रीमानको पेन्सन पट्टामा नाम **रून्ची गुरसेनी** र जन्ममिति इ.स. १९६०/११/०६ गते उल्लेख भएको हुँदा नेपाली नागरिकता अनुसारको नाम र श्रीमानको पेन्सन पट्टामा उल्लेख भएको विवरण अनुसारको ब्यक्ति एउटै भएको सुचित गरिन्छ ।

## बीमा लेख हराएको सूचना

यही मिति २०८३/०२/०५ गते तनहुँको दमौलीबाट डुम्रे तर्फ जानेक्रममा मेरो **लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**को बीमा लेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगाना र फोन नम्बरमा सम्पर्क गरी जानकारी दिनुहुन अनुरोध गर्दछौं ।

**नाम** : रामकृष्ण अधिकारी
**बीमा लेख नं.** : 250111739
**ठेगाना** : व्यास–१, तनहुँ **सम्पर्क नं.** : ९८०६७२००८४

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**असार २० गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




## बस्ति संरक्षण

भू तथा जलाधार व्यवस्थापन कार्यालय तनहुँले गोरखाको बारपाक सुलिकोट–३ स्थित ठोटनेरी बस्ति संरक्षणका लागि तारजालीको प्रयोग गरी निर्माण गरिएको तटबन्धनको अनुगमन गर्दै कार्यालयका प्रमुख दिवाकर पौडेल र स्थानीय उपभोक्ता।

*तस्विर : भञ्ज्याङ*

# जोमसोममा शालिग्राम शीला मूर्ति धार्मिक आस्थाको केन्द्र बन्दै

**भञ्ज्याङ समाचारदाता/मुस्ताङ**

मुस्ताङको घरपभोङ गाउँपालिका–४, जोमसोमस्थित कालिगण्डकी नदीको तटमा रहेको ढुङ्गामा कुँदिएको विश्वकै ठूलो २२ फिट उचाइको शालिग्राम शीला मूर्ति धार्मिक आस्थाको केन्द्र बन्दै गएको छ ।



गत वैशाखअघि कालिगण्डकी नदीको छेउमा रहेको विशाल ढुङ्गालाई नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानका मूर्तिकारहरूले शालिग्राम शीलाको आकार दिएर मूर्ति निर्माण गरेपछि उक्त स्थान धार्मिक पर्यटकका लागि आकर्षक केन्द्र बन्दै गएको हो ।

घरपभोङ गाउँपालिकाको आयोजना र एकीकृत सेवा कार्यालय मुस्ताङको सहलगानीमा नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानसँगको समन्वयमा गत वैशाख ७ देखि २१ गतेसम्म जोमसोममा १५ दिने मूर्तिकला कार्यशाला सञ्चालन गरिएको थियो । कार्यशालामा सहभागी ३६ भन्दा बढी मूर्तिकारले कालिगण्डकी नदीको तटमा रहेका विशाल ढुङ्गालाई विभिन्न स्वरूपका मूर्तिमा रूपान्तरण गरेका थिए ।

मूर्तिकारहरूले जिल्लाका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक तथा जैविक विविधतालाई समेट्दै कालिगण्डकी नदीका डेढ दर्जन ढुङ्गालाई कलात्मक मूर्तिका रूपमा प्रस्तुत गरेका थिए ।

मूर्तिकारहरूले कार्यशालाका क्रममा कालिगण्डकी नदी किनारका ढुङ्गामा शालिग्राम शीला, भगवान् महादेव, पार्वती, विष्णु, बुद्ध, हिमचितुवा, हिमाली भैँडा, बौद्ध स्तूप, माने, छोर्तेनलगायत सम्पदाका कलात्मक मूर्ति सिर्जना गरेका घरपभोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले जानकारी दिनुभयो । उहाँका अनुसार मूर्तिकारद्वारा कुँदिएका डेढ दर्जन मूर्तिमध्ये अहिले सबैको ध्यान विश्वकै ठूलो आकारको शालिग्राम शीलातर्फ तानिएको छ ।

घरपभोङ गाउँपालिकाले उक्त शालिग्राम शीलाको प्राणप्रतिष्ठा गरेसँगै धार्मिक पर्यटकको चहलपहल बढेको अध्यक्ष लालचनले जानकारी दिनुभयो । उहाँका अनुसार कालिगण्डकी नदीछेउको विशाल ढुङ्गामा कुँदिएको उक्त मूर्तिको भारतको कर्नाटक राज्यस्थित शृङ्गेश्री शारदा पीठका पीठाधीश्वर जगद्गुरू शंकराचार्य स्वामी विधुशेखर भारती महाराजले विशेष पूजाअर्चनासहित प्राणप्रतिष्ठा गर्नुभएको हो ।

भारतीय स्वामी महाराजबाट कालिगण्डकी नदीमा निर्मित शालिग्राम शीलाको गत जेठको पहिलो साता विभिन्न धार्मिक स्वामीहरूको उपस्थितिमा प्राणप्रतिष्ठा गरिएको थियो । अहिले मुक्तिनाथ दर्शनका लागि मुस्ताङ आउने स्वदेशी तथा विदेशी धार्मिक पर्यटकका लागि यो मूर्ति आस्थाको केन्द्र बन्दै गएको उहाँले बताउनुभयो।

घरपभोङ गाउँपालिका–४, जोमसोमका कार्यपालिका सदस्य भीषण थकालीका अनुसार शालिग्राम शीलाको प्राणप्रतिष्ठापछि दैनिक एक सयभन्दा बढी दर्शनार्थीले उक्त शीलाको दर्शन तथा अवलोकन गर्ने गरेका छन् । विशेषगरी मुक्तिनाथ दर्शन गर्न आएका भारतीय दर्शनार्थीको यहाँ उल्लेख्य घुइँचो लाग्ने गरेको उहाँको भनाइ छ ।

उक्त शीलाको प्राणप्रतिष्ठापछि विश्वकै ठूलो आकारको शालिग्राम दर्शन गर्न आउने दर्शनार्थीको संख्या बढेसँगै सदरमुकाम जोमसोममा पर्यटकको बसाइँसमेत लम्बिन थालेको कार्यपालिका सदस्य थकालीले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकाले उक्त स्थानलाई घेराबार गरी शालिग्राम पार्क निर्माण गर्ने योजना बनाएको छ ।

उक्त शालिग्राम पार्कमा दर्शनार्थीलाई सहज हुने गरी गोरेटो बाटो निर्माण गर्नुका साथै मूर्तिकारहरूले कुँदेका अन्य मूर्तिसमेत सोही स्थानमा स्थापना गरिने कार्यपालिका सदस्य थकालीले जानकारी दिनुभयो ।

भारतको मुम्बईबाट मुक्तिनाथ दर्शन गरी फर्किनुभएकी जेनिशा जेनले जीवनमा पहिलोपटक यति ठूलो आकारको शालिग्रामको दर्शन गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो। भगवान् विष्णुको स्वरूपसहित अन्य मूर्तिको महत्व धार्मिक आस्था र विश्वाससँग जोडिएको उहाँले उल्लेख गर्नुभयो ।

मुक्तिनाथ दर्शनका लागि मुस्ताङ आउने पर्यटकका लागि शालिग्राम शीला यहाँको आकर्षक धार्मिक पर्यटकीय गन्तव्य बनेको अध्यक्ष लालचनले बताउनुभयो । मुस्ताङ सदरमुकाम जोमसोम बजारसँग जोडिएको कालिगण्डकी नदीको तटमा अवस्थित शालिग्राम शीला, नीलगिरि हिमाल र धौलागिरि हिमालको मनमोहक दृश्यले शालिग्राम शीला पार्क पुगेका धार्मिक पर्यटकलाई मोहित बनाउने गरेको स्थानीयवासी बताउँछन् । रासस

## facebook twitter



**Tara Nath Dahal**
x.com/tndahal7

अख्तियारले गहिरो निश्पक्ष अनुसन्धान नगरी राजनीतिक दबाबमा दर्ता गरेका प्राय सबै मुद्धामा बिशेष अदालतले अभियुक्तहरूलाई सामान्य धरौटीमा छोड्ने गरेको छ ।
यसबाट एकातर्फ अभियुक्तहरूले सफाई नपाउन्जेल सास्ती पाउककछन नै, राज्यलाई पनि घाटा नै हुन्छ, अर्कोतर्फ अदालतले पनि गाली नै खानपर्छ!



**Sanjeev**
x.com/sanpokh

दुईवटा थ्यौरी हेरौँ–
(क) प्रधानमन्त्रीसँग देश कस्तो बनाउने भन्ने भिजन छ, त्यो भिजन पुरा गर्ने दृढ अठोट छ, सरकारको काम छिटो देखियोस् भनेर 'डेलिभरी'का लागि आतुर छन्, सरकारको कार्यसम्पादनको गतिलो खाका बनाइरहेका छन् ।
(ख) गम्भीर भिजन केही पनि छैन, पूर्वाग्रहबाट निर्देशित छन्, व्यवस्थित रूपमा काम गर्ने ढङ्ग छैन, खराब चरित्रका उग्र 'ब्रो'हरूको सर्कलमा रमाउँछन्, सरकारको डेलिभरीमा नभएर आफ्नो इमेजका बारेमा मात्र चासो छ ।
तपाईं कुन थ्यौरीमा विश्वास गर्नुहुन्छ? म दोस्रोमा विश्वास गर्छु ।

त्यसैले, म रास्वपा बलियो र व्यवस्थित होस् भन्ने चाहन्छु । व्यक्ति ठुलो कुरा होइन–संस्था ठुलो हो । बालेन प्रधानमन्त्रीको पदका लागि अनुपयुक्त रहेछन् भन्ने कुरा सबैले बुझेको अवस्थामा उनको विकल्प रास्वपाले दिनुपर्छ ।

# हल गोरू पाल्ने ११५ कृषकलाई पाँच हजार रकम प्रदान

**भञ्ज्याङ समाचारदाता/वालिङ**

स्याङ्जाको गल्याङ नगरपालिकाले हल गोरू पाल्ने कृषकलाई प्रोत्साहनस्वरूप रू पाँच हजार उपलब्ध गराएको छ । पछिल्लो समय बढ्दो प्रविधिको प्रयोगसँगै हल गोरू पाल्ने क्रम घट्दै गएकाले हल गोरू पाल्नतर्फ कृषकलाई आकर्षित गर्नकालागि प्रोत्साहनस्वरूप ११५ कृषकलाई रकम उपलब्ध गराईएको हो । ११५ कृषकका एकसय १६ हल गोरूको आवेदन आएकाले सोका आधारमा प्रतिकृषक रू पाँच हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराइएको गल्याङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज अधिकारीले बताउनुभयो ।

पछिल्लो समय यान्त्रिक हलो (पावर टिलर) को प्रयोग बढ्दै जाँदा यान्त्रिक हलो चलाउने दक्ष जनशक्तिको अभाव हुने, ग्रामीण भेगहरूमा सहजरूपमा इन्धन नपाइने र यान्त्रिक हलो बिग्रेपछि मर्मत गर्नका लागि झन समस्या हुने भएकाले कृषकहरूलाई हल गोरू पाल्नतर्फ आकर्षित गर्न प्रोत्साहन अनुदान दिइएको हो । चालु आर्थिक वर्ष २०८२/०८३ कालागि हल गोरू पाल्ने कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले कृषक प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिएको हो । नगरपालिकाले हल गोरू पाल्ने कृषकलाई प्रोत्साहन रकम उपलब्ध गराउनका लागि हल गोरू पालेका कृषकहरूसँग आवेदन माग गर्नेसम्बन्धी सूचना गरेको थियो । सूचनाका आधारमा नगरपालिकाका ११ वटै वडाबाट ११६ हल गोरू पाल्नुभएका कृषकले आवेदन दिएकाले प्रोत्साहन रकम उपलब्ध गराइएको नगरपालिकाका पशु सेवा शाखाका प्राविधिक महादेव बनले जानकारी दिनुभयो ।

"नगरपालिकाबाट हल गोरूसम्बन्धी प्रोत्साहन रकम उपलब्ध गराउनकालागि कृषकहरूसित आवेदन माग गर्‍यौँ", उहाँले भन्नुभयो, "सूचनाका आधारमा कृषकले गोरूको बिमा गरेको, गोठमा रहेको हल गोरूको तस्बिरसहित आवेदन दिनुभएपछि नगरपालिकाबाट अनुगमन गरेपछि कृषकको खातामा रकम भुक्तानी गरिएको हो ।"

नगरपालिकाभित्र हल गोरूको संख्या आवेदन आएकाभन्दा धेरै रहेको तर कृषकले जानकारी पाएर पनि आवेदन नदिएको हुनसक्ने उहाँको दाबी छ । आगामी आर्थिक वर्ष २०८३/०८४ कालागि पनि हल गोरू पाल्ने कृषकलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइएको छ । आगामी आवमा चालु आवमा प्रोत्साहन अनुदान नपाएका कृषकले अनुदान पाउने भएका छन् । रासस

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः** ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४